## बूढानीलकण्ठ नगरपालिका

## बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड : ३ सङ्ख्या : ८ मिति : २०७७।०३।२६**


## भाग-२

## बूढानीलकण्ठ पर्यटन बोर्ड (गठन तथा सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

बूढानीलकण्ठ नगरपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदा तथा वातावरणको संरक्षण र सम्बर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रबर्द्धन गरी राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा बूढानीलकण्ठ नगरपालिकालाई नेपालको एक आकर्षक र भरपर्दो पर्यटन स्थलको रूपमा विकसित गरेर स्थानीय उत्पादन, विदेशी मुद्रा आर्जन र रोजगारीका अवसरहरूको सृजनामा अधिकतम वृद्धि गर्नका निमित्त एक पर्यटन बोर्डको स्थापना गर्न र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

बूढानीलकण्ठ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ अनुसारको अधिकार प्रयोग गरी बूढानीलकण्ठ नगरपालिकाको छैठौं नगर सभाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम **बूढानीकलण्ठ पर्यटन बोर्ड (गठन तथा सञ्चालन) कार्यविधि, २०७७** रहेको छ ।

(२) यो कार्यविधि नगर सभाको बैठकबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **'बोर्ड'** भन्नाले दफा ३ बमोजिम स्थापना भएको बूढानीलकण्ठ पर्यटन बोर्ड सम्झनु पर्छ ।

(ख) **'समिति'** भन्नाले दफा ८ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनुपर्छ ।

(ग) **'अध्यक्ष'** भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(घ)**'सदस्य'** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ङ) **'सदस्य सचिव'** भन्नाले दफा १२ बमोजिम नियुक्त बोर्डको कार्यकारी प्रमुख सम्झनुपर्छ ।

(च) **'पर्यटक'** भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपाल राज्यमा आउने गैर नेपाली नागरिक साथै देशका अन्य भूभागबाट दृष्यावलोकन गर्न, धार्मिक, साँस्कृतिक मेला भर्न वा विदा मनाउन यस नगरपालिका भित्र आउने नेपाली नागरिक सम्झनु पर्छ ।

(छ) **'पर्यटन व्यवसाय'** भन्नाले देहायका विषय सम्झनु पर्छ-

(१) पर्यटकहरूको निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनको सेवा पुऱ्याउने कारोबार,

(२) पर्यटकहरूलाई नेपाल राज्यभित्र वा नेपाल राज्यबाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुऱ्याउने र सो बापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार,

(३) पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू बिक्री गर्ने कारोवार, र

(४) उपखण्ड (१), (२) र (३) बमोजिमको कारोबार गरी पर्यटकहरूलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिक रूपमा साहित्य, कला, धर्म संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रदर्शनी, आयोजना, मेला, प्रचार प्रसार अभियान सन्चालन गर्ने कार्यलाई समेत सम्झनु पर्छ ।

(झ) **'तोकिएको वा तोकिए बमोजिम'** भन्नाले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## बोर्डको स्थापना र व्यवस्था

**३. बोर्डको गठन:** (१) बूढानीलकण्ठ नगरपालिका क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलको रूपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रबर्द्धन गर्नको लागि बूढानीलकण्ठ पर्यटन बोर्डको नामबाट एउटा बोर्डको गठन गरिने छ ।

(२) बोर्डको कार्यालय बूढानीलकण्ठ नगरपालिका भित्र रहनेछ ।

**४. बोर्डको उद्देश्य : बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः**

(क) बूढानीलकण्ठ मन्दिरको महत्व र गरिमालाइ अभिबृद्धि गराई एक आकर्षक पर्यटन स्थलको रूपमा विकसित गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने ।

(ख) बूढानीलकण्ठ मन्दिर, शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्ज, अन्य साँस्कृतिक सम्पदा, गुम्बा तथा बूढानीलकण्ठ नगरपालिका भित्र रहेको धार्मिक, साँस्कृतिक तथा पर्यटकिय स्थल पहिचान गर्ने तथा धार्मिक साँस्कृतिक मेलाहरुको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्ने ।

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबर्द्धन गरी राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गर्दै बढीभन्दा बढी रोजगारीका अवसरहरूको सृजना गरी नगरलाई समृद्ध बनाउने ।

(घ) नगरलाइ सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलको रूपमा विकसित गरी बाह्य पर्यटन समुदायमा

नगरपालिकाको छविलाई उच्च एवं मर्यादित ढंगबाट स्थापित गर्ने ।

(ङ) पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

(च) बूढानीलकण्ठ नगरपालिकाभित्र रहेका भाषा, संस्कृति, भेषभूषा तथा कला संस्कृतिको पहिचान र संरक्षण गर्ने ।

**५. बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बूढानीलकण्ठ नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थलहरूको पहिचान गर्ने, त्यसको संरक्षण र प्रवर्द्धन गरी काठमाडौं जिल्लाको एक आकर्षक पर्यटक गन्तब्य स्थान बनाउने ।

(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) पर्यटकहरूका लागि सुविधा वृद्धि गर्ने र बूढानीलकण्ठलाई एक आकर्षक पर्यटन गन्तब्य स्थलको रूपमा विकसित गर्ने ।

(घ) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूको क्रियाकलापहरूमा समन्वय कायम गर्ने ।

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससंग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने।

(च) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबर्द्धन गर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

(छ) पर्यटनसंग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई यहाँको धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।

(ज) बूढानीलकण्ठलाई एक साहसिक तथा आकर्षक पर्यटन केन्द्रको रूपमा विकसित गर्न विविध मनोरञ्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी कृयाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(झ) अन्तर्राष्ट्रिय सभा सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव आदि कार्यक्रमहरूमा भाग लिने र पर्यटन प्रवर्द्धनमा भूमिका खेल्ने ।

(ञ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ मन्दिर, गुम्बाहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरूको विकास गर्दा खास गरी स्थानीय पर्यटन स्थलहरूको विकासलाई प्राथमिकता दिने ।

(ठ) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने, गराउने ।

(ड) धार्मिक तिर्थस्थलहरूको संरक्षण तथा सम्बर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आकर्षित हुने गरी सुविधाहरू विस्तार गर्ने ।

(ढ) अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरूमा प्रतिस्पर्धात्मक रूपमा पर्यटन प्रबर्द्धन गरी बूढानीलकण्ठलाई एक प्रमुख पर्यटन केन्द्रको रूपमा विकसित गर्ने, गराउने ।

(ण) शिवपुरी निकुन्जमा वन्यजन्तु अवलोकन जस्ता पर्यटनको विकास र प्रबर्द्धन गर्न अध्ययन अनुसन्धान गर्ने ।

(त) मित्र राष्ट्रहरूका नगरपालिकासंग समन्वय गरी पारस्परिक लाभमा आधारित अन्तरदेशीय पर्यटन सम्बन्धी गतिविधिहरू बृद्धि गर्ने ।

(थ) पर्यटन जन चेतनाको लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(द) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा बस्तुको गुणस्तर निर्धारण गर्ने । निम्न गुणस्तरका सेवा वा बस्तु उपर कडा निगरानी राख्ने ।

(ध) पर्यटन व्यवसायमा संलग्न रहेको कुनै पनि संगठित संस्थाको शेयर वा धितोपत्र खरिद गर्ने वा प्राप्त गर्ने ।

(न) पर्यटन प्रबर्द्धनमा सघाउ पुऱ्याउने कारोबारमा पूँजी लगानी गर्ने ।

(प) बोर्डको उद्देश्य पूर्तिको लागि नगरपालिकाको स्वीकृति लिई देशी तथा विदेशी संघ संस्थाहरूसंग सम्झौता गर्ने ।

(फ) बोर्डको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट स्वीकृत गर्ने ।

**६. बोर्डले आवश्यक सेवा शुल्क लिन सक्ने:**

बोर्डले पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

**७. बोर्डले आर्थिक स्रोत जुटाउन सक्ने:** बोर्डले आफ्नो कार्यक्रम सञ्चालन गर्नको निमित्त प्रचलित कानून बमोजिम नगरपालिका, गैरसरकारी संस्था, विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा निकायबाट ऋण, अनुदान, दान दातव्य वा उपहार लिन लगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

## परिच्छेद - ३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**८. कार्यसमितिको गठन :**(१) बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न गराउन र बोर्डको सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक सात सदस्यीय कार्यसमितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन् :

(क) नगरपालिकाले मनोनित गरेको पर्यटनविज्ञ -अध्यक्ष

(ख) नगरपालिका भित्र विभिन्न पर्यटकीय क्षेत्रमा काम गरेका

अनुभवी व्यक्तिहरु मध्येबाट नगरपालिकाले मनोनित गरेका चार जना - सदस्य

(ग)नगरपालिकाले तोकेको एक जना नगर कार्यपालिका सदस्य

- सदस्य

(घ) समितिले आवश्यकता अनुसार तोकेको महिला सहित २ जना

- सदस्य

(ङ) नगरपालिकाले तोकेको व्यक्ति - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ । पदावधि समाप्त भएपछि बोर्डका सदस्यहरु पुनः मनोनित हुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विशेषज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसंग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## ९. समितिको बैठक र निर्णयः

(१) समितिको बैठक कम्तिमा महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर अध्यक्षले चाहेमा सोभन्दा अगावै पनि समितिको बैठक बोलाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक तिहाई सदस्यहरूले समितिको बैठक बोलाउनको लागि लिखित रूपमा माग गरेमा पन्ध्र दिनभित्र सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची बैठक बस्नुभन्दा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरू मध्येबाट जेष्ट सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको बहुमत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. समितिको काम, कर्तव्य र अधिकारः

(१) यो कार्यविधिको अधीनमा रही बोर्डले गर्नु पर्ने सम्पूर्ण काम कारवाहीहरू गर्नु तथा बोर्डलाई प्राप्त सम्पूर्ण अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१)मा उल्लिखित काम, कर्तव्यको अतिरिक्त बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्नु समितिको कर्तव्य हुनेछ ।

(३) नगर कार्यपालिकाप्रति जवाफदेही रहेर उद्देश्य प्राप्तिको लागि स्वतन्त्र रूपमा कार्य गर्न सक्नेछ ।

## ११. उपसमिति गठन गर्न सक्नेः

(१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरूको काम, कर्तव्य, अधिकार,कार्यक्षेत्र तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

# परिच्छेद - ४

# कर्मचारी सम्बन्धी व्यवस्था

## १२. सदस्य सचिवको नियुक्ति :

(१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि समितिले कम्तिमा स्नातक उपाधि हासिल गरी पर्यटन क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेको व्यक्तिलाई बोर्डको सदस्य सचिवको पदमा नियुक्ति गर्नेछ ।

(२) सदस्य सचिवको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त सदस्य सचिवको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम सदस्य सचिवको नियुक्ति नभएसम्मको लागि यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी प्रमुखले बोर्डलाई हानी नोक्सानी पुऱ्याई बोर्डको हित विपरीत हुने गरी काम कारवाही गरेमा वा समितिको नीति निर्देशन अनुरूप कार्य सम्पादन नगरेमा समितिले तोकिएको प्रकृया अपनाई निजलाई कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ । तर यसरी पदबाट हटाउनु अघि कार्यकारी प्रमुखलाई आफ्नो पक्षमा सफाई पेश गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ ।सदस्य सचिवले बोर्डको प्रशासकीय प्रमूखको रूपमा दैनिक कार्य संचालन गर्नेछ ।

**१३. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(ख) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, गर्न लगाउने।

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने।

(घ) बोर्डलाई आवश्यक कर्मचारीहरू तोकिए बमोजिम नियुक्त गर्ने ।

(ङ) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने।

(च) समितिप्रति उत्तरदायी भई काम गर्ने ।

(छ) बोर्डको प्रशासकीय प्रमुखको हैसियतले बोर्डको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने ।

**१४. कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) बोर्डको काम सुचारु रुपले सन्चालन गर्नको निमित्त प्रशासकीय प्रमुखले सहायक कर्मचारीहरू नियुक्त गर्न सक्नेछन् । यस्तो नियुक्तिलाई बोर्डले अनुमोदन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहायक कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बोर्डका कर्मचारीहरूले समिति र कार्यकारी प्रमुखप्रति उत्तरदायी भई काम गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## कोषको स्थापना र सञ्चालन

**१५. बोर्डको कोष**

(१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछः-

(क) नगरपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम ।

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) स्वदेशी तथा विदेशी सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार ।

(घ) पर्यटन व्यवसायमा संलग्न रहेका संघ, संस्था वा व्यक्तिबाट प्राप्त शुल्क, सहयोग, अनुदान वा उपहार ।

(ङ) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसंग सम्बन्धित विषयहरूका सम्बन्धमा प्रदान गरेको सेवा, सहुलियत तथा परामर्श वापत प्राप्त गरेको सेवा शुल्क ।

(च) संघ र प्रदेश सरकारबाट प्राप्त रकम ।

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशी संघ, संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, ऋण, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले नगरपालिका मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) बोर्डको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) कोष सञ्चालन गर्नको लागि राष्ट्रिय स्तरको बैंकमा बोर्डको खाता खोलिनेछ र सो खाता अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाटसञ्चालन हुनेछ ।

**१६. लेखा र लेखापरीक्षण**

(१) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखापरीक्षण नगरपालिकाकोलेखा परीक्षक वा बोर्डले तोकेको माग्यताप्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(३) लेखापरीक्षकले बोर्डको वार्षिक कारोबारको स्थिति, वासलात, लाभ, हानी र अन्य हरहिसावका सम्बन्धमा आफ्नो प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नेछ ।

## परिच्छेद - ६

## विविध

**१७. नगरपालिकाले अनुदान दिन सक्ने :**

(१) बूढानीलकण्ठ नगरपालिकाले बोर्डलाई आवश्यक रकम अनुदानको रूपमा दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्ड आफ्नो कार्यक्रम सञ्चालन गर्न आर्थिक रूपमा सक्षम भइसकेको छ भन्ने विश्वास गर्न सक्ने पर्याप्त कारण नगरपालिकालाईभएमा नगरपालिका यस्तो अनुदान रकम प्रदान गर्न बाध्य हुनेछैन ।

**१८. वार्षिक प्रतिवेदनः** सदस्य सचिवले बोर्डको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र त्यसलाई तीन महिना भित्रमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**१९. अधिकार प्रत्यायोजन :**

(१) समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै सदस्य, उपसमिति वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) सदस्य सचिवले आफूलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार बोर्डको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२०. बैठक भत्ता:** बोर्डका सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

**२१. विनियम बनाउन सक्ने:** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्नको लागि बोर्डले आवश्यक विनियमहरू बनाउन सक्नेछ र यस्ता विनियमहरु नगरपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

**२२. प्रतिक चिन्ह/लोगो :** बूढानीलकण्ठ पर्यटन बोर्डको आफ्नै प्रतिक चिन्ह/लोगो हुनेछ ।

आज्ञाले,<br>
बैकुण्ठ प्रसाद सापकोटा<br>
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७७।३।२६